फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:- ०८३/८४
चलानी नम्बर:-

मिति:- २०८३-०४-०७
ने.सं.:- ११४६ दिल्लाथ्व ९, बिहीबार

## स्क्यामर तथा अन्य अपराधिहरूको निगरानी सम्बन्धी सूचना

हेटौडास्थित विभिन्न होटल तथा गेष्ट हाउसमा ग्राहकको रूपमा आउने व्यक्तिहरूले अनलाइन सपिङ्ग, अनलाइन जागिर, चिठ्ठा, व्यावसाय, बजार अनुसन्धान, उद्योगमा लगानी, होलसेल कारोबार आदिका नाममा प्रलोभनमा पारी विभिन्न व्यक्तिहरूबाट आफ्नो QR मा वा नेपाल तथा भारतस्थित बैंक खातामा पैसा हाल्न लगाउने तथा अन्य विभिन्न उपायहरूको प्रयोग गरी रकम छल्न स्क्यामीङ्ग गर्ने जस्ता घटनाहरूको वृद्धि भइरहेको र यस विषयमा पीडितहरूको गुनासो आउने गरेको अवस्था छ । त्यस्ता व्यक्तिहरूले होटल तथा गेष्ट हाउसमा लामो समय बसी होटल/गेष्ट हाउस सञ्चालकको फोन, सवारी साधनको प्रयोग गरी विभिन्न व्यक्तिहरूलाई जालझेल गरी ठग्ने गरेको देखिएकोले यस्तो कार्यलाई पूर्णरूपमा निगरानी गर्न, शंकास्पद व्यक्तिको गतिविधि बारेमा प्रहरीलाई खबर गर्ने तथा त्यस्ता ठग एवं अपराधीहरूको दैनिक/रात्री गतिविधिहरूको बारेमा होटल व्यवस्थापक समेत जिम्मेवार ढङ्गबाट सचेत रहन जानकारी गराइन्छ । साथै, कतै कसैले कुनै पनि नागरिकलाई उल्लिखित विषयमा ठगी गर्ने मनसाय देखिएको अवस्थामा तत्काल प्रहरीलाई खबर गर्न हुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

२०८३।४।७

मोहनराज जोशी
स. प्रमुख जिल्ला अधिकारी